संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-३२
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १२:०७ बजे*
*बैठक स्थगित : १२:१३ बजे*

२०८० साउन ११ गते, बिहीवार (दोश्रो)

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको सोही दिनको दोश्रो बैठकको रुपमा बत्तिसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १२:०७ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर बिचार गरियोस्** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर बिचार गरियोस्** भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराईदिनु हुन अनुरोध गर्नुहुँदा कुनैपनि माननीय सदस्यहरूले छलफलमा भाग लिनुभएन।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरूङलाई **"मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साउन १८ गते बिहीबार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी उक्त बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव